# निष्क्रिय कर्जा र पुँजी पर्याप्ततालाई राष्ट्र बैंकले चुनौती ठान्यो

**नेपाल समाचारपत्र, काठमाडौं**

देशको वित्तीय प्रणाली हाल सुदृढ देखिए पनि आगामी दिनमा चुनौती थपिने संकेत नेपाल राष्ट्र बैंकले दिएको छ। आर्थिक वर्ष २०८०/८१ का लागि सार्वजनिक गरेको 'फाइनान्सियल स्टाबिलिटी रिपोर्ट' मा पुँजी पर्याप्तता दरमा देखिएको क्रमिक गिरावट र निष्क्रिय कर्जा अनुपातमा देखिएको उल्लेखनीय वृद्धिलाई प्रमुख चिन्ताका रुपमा उल्लेख छ।

राष्ट्र बैंकको रिपोर्ट अनुसार, वर्तमान अवस्थामा बैंकिङ प्रणालीमा तरलता पर्याप्त छ, जसले निक्षेप तथा कर्जाको ब्याजदरमा गिरावट ल्याएको छ। तर, अपेक्षा अनुसार कर्जा प्रवाह नभएको पाइएको छ। यसले पुनरुत्थानको गति कायम भए पनि अपेक्षित स्तरमा आर्थिक क्रियाकलाप नभएको संकेत दिएको छ।

रिपोर्टमा उल्लेख गरिएअनुसार आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा बैंकहरूको निष्क्रिय कर्जा अनुपात ३.८६ प्रतिशत थियो। तर, २०८१ सालको चैत मसान्तसम्म आइपुग्दा यो दर ५ प्रतिशत पार गरेको छ, जुन विगत केही वर्षयताकै उच्च हो। राष्ट्र बैंकले यसलाई वित्तीय प्रणालीको सुदृढताका लागि चिन्ताजनक अवस्था मानेको छ। निष्क्रिय कर्जामा भएको वृद्धिले बैंकहरूको नाफामा प्रतिकूल असर पारेको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यस्तै बैंक तथा वित्तीय संस्थाहरूको पुँजी पर्याप्तता नियामक मापदण्डभन्दा माथि रहे पनि त्यसमा देखिएको घट्दो प्रवृत्तिले जोखिम बढाएको राष्ट्र बैंकले जनाएको छ। यस्ता सूचकहरू कमजोर हुँदै जाँदा वित्तीय संस्थाहरूको लचिलोपनमा प्रश्न उठ्ने जनाइएको छ।

नेपालको अर्थतन्त्र २०८०/८१ मा ३.८७ प्रतिशतले वृद्धि भएको रिपोर्टमा उल्लेख गरिएको छ। अघिल्लो आर्थिक वर्षमा मात्र १.९५ प्रतिशतको वृद्धिसँग तुलना गर्दा यो उल्लेखनीय सुधार हो। सेवा क्षेत्र, कृषि तथा ऊर्जा उत्पादनको विकासले यो वृद्धि सम्भव भएको रिपोर्टमा उल्लेख छ।

यसै गरी आव २०८०/८१ मा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति दर ३.५७ प्रतिशत रह्यो। यद्यपि यो दर मौद्रिक लक्ष्यभन्दा केही माथि हो, तर राष्ट्र बैंकले मुद्रास्फीति घट्ने क्रममा रहेको र विशेषत: गैर-खाद्य वस्तुहरूमा मूल्य वृद्धिमा गिरावट देखिएको सकारात्मक पक्षको रूपमा व्याख्या गरेको छ।

विदेशी विप्रेषणमा १६.५ प्रतिशतको वृद्धि, सकारात्मक भुक्तानी सन्तुलन र वैदेशिक मुद्रा सञ्चितिको वृद्धि लगायतका सूचकहरूले नेपालको बाह्य क्षेत्र मजबुत बनाएको राष्ट्र बैंकको निष्कर्ष छ। यसले देशको कुल आर्थिक स्थायित्वमा योगदान दिएको उल्लेख छ।

फाइनान्सियल स्टाबिलिटी रिपोर्ट अनुसार, डिजिटल भुक्तानी प्रणालीहरुको प्रयोग तीव्र गतिमा बढिरहेको छ। मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, कार्डरहित नगद कारोबारमा आम नागरिकको पहुँच व्यापक रूपमा फैलिएको छ। सबै स्थानीय तहहरूमा बैंक शाखाहरूको उपस्थिति हुनु र वित्तीय साक्षरतामा भएको वृद्धिलाई सकारात्मक संकेतको रूपमा हेरिएको छ।

राष्ट्र बैंकले आधार दर उल्लेखनीय रूपमा घटेको भन्दै यसले बजारमा कर्जा लिनेको लागत घट्दै गएको जनाएको छ।

प्रतिवेदनअनुसार वाणिज्य बैंकहरूको मासिक औसत आधार दर ९.१८ प्रतिशतमा झरेको छ, जुन अघिल्लो वर्ष १०.३२ प्रतिशत थियो। यस्तै, समीक्षावर्षको अन्तिम महिनामा वाणिज्य बैंकहरूको आधार दर ८ प्रतिशतमा पुगेको छ, जुन अघिल्लो वर्ष सोही समयमा ९.९९ प्रतिशत थियो। त्यस्तै विकास बैंकहरूको मासिक औसत आधार दर पनि घटेको देखिएको छ। समीक्षावर्षमा विकास बैंकहरूको औसत आधार दर १०.६० प्रतिशत थियो, जुन अघिल्लो वर्षको सोही अवधिमा १२.३६ प्रतिशत थियो।

वित्त कम्पनीहरूको आधार दर पनि घटेको छ। समीक्षा वर्षको अन्तिम महिनामा वित्त कम्पनीहरूको आधार दर १२.०८ प्रतिशतमा झरेको छ, जुन अघिल्लो वर्षको सोही समयमा १२.९९ प्रतिशत थियो।

आधार दर घट्दा बैंकहरूले दिने कर्जाको ब्याजदर पनि कम हुने भएकाले व्यवसायी र उपभोक्ताले सस्तोमा कर्जा लिन सक्ने वातावरण बनाउने वित्तीय विज्ञहरूको विश्वास छ। यसले लगानी, उत्पादन र उपभोगमा सकारात्मक प्रभाव पार्नसक्ने अनुमान गरिएको छ।

समग्रमा सूचकहरू सकारात्मक रहनुका बाबजुद राष्ट्र बैंकले वित्तीय प्रणालीमा अझै केही प्रणालीगत जोखिम कायमै रहेको उल्लेख गरेको छ। पुँजीको घट्दो दर, निष्क्रिय कर्जाको वृद्धि, सुस्त कर्जा प्रवाहजस्ता पक्षलाई ध्यानमा राख्दै नियामक निकायहरू अझै बढी सतर्क र सक्रिय भएर काम गर्नुपर्ने सुझाव पनि प्रतिवेदनमार्फत् दिइएको छ।

---


**NEPAL WAREHOUSING COMPANY LTD.**

E-mail: info@nwcl.com.np, Website- www.nwcl.com.np

## छैटौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२-०१-१२ गते)**

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८२।०१।११ गते साँझ ५ बजे बसेको यस कम्पनीको सञ्चालक समितिको ७१ औँ बैठकले यस कम्पनीको छैटौँ वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, समय र स्थानमा देहायमा उल्लेख गरिएका विषयहरूमा छलफल गर्ने गरी आह्वान गर्ने निर्णय गरेकाले सो मिति, समय र स्थानमा उपस्थित हुनुभई वार्षिक साधारण सभामा भाग लिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**सभा हुने मिति, समय र स्थानः**

मितिः २०८२ जेठ ८ गते बिहिवार (तदनुसार २०२५ मे २२)
समयः अपराह्न २ बजे
स्थानः अमृतभोग क्याटर प्रा.लि., कालिकास्थान, काठमाण्डौ।

**साधारण सभाको छलफलको प्रस्तावहरूः**

**क. सामान्य प्रस्ताव**

१. आ.व. २०८०-८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व. २०८०-८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने।
३. आ.व. २०८१-८२ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने।
४. स्वतन्त्र सञ्चालकको नियुक्ती अनुमोदनको लागि पेस गरी पारित गर्ने।
५. सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने।

(निर्वाचन सम्बन्धी विस्तृत जानकारी वेबसाइट www.nwcl.com.np राखिने छ।)

**ख. विशेष प्रस्ताव**

१. कम्पनीको रजिस्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्ने।
२. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन/थप गर्ने र नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा वा आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावलीमा परिवर्तन वा संशोधन गर्न परेमा सो गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ग. विविध।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव
नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड

## साधारणसभा सम्बन्धी जानकारी

१. शेयरधनीको सुविधाको लागि हाजिरीपुस्तिका सभास्थलमा सभा हुने दिन अपराह्न १:०० बजेदेखि खुला हुनेछ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीले हितग्राही खाता (डिम्याट) शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि साथमा लिई आउनुहुन अनुरोध छ। सो नभएमा सभा कक्ष भित्र प्रवेश पाइनेछैन।
३. यस कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सूचनासाथ प्रकाशित गरिएको छ। संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरू कम्पनीको वेबसाइट www.nwcl.com.np बाट हेर्न सकिनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा प्रोक्सीपत्र साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै यस कम्पनीको रजिस्टर्ड कार्यालय, गैरीगाउँ सिनामंगल, काठमाडौँमा दर्ता गराउनुपर्नेछ। प्रोक्सी दर्ता गरिसकेपछि सो बदर गराउन चाहेमा सोको सूचना २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नुपर्नेछ। प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैंसंग बाँकी राखी प्रतिनिधि मुकरर गर्न पाइनेछैन। सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नुपर्नेछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द हुनेछ।
५. संरक्षक रहनु भएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनी किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनेछ।
६. संयुक्त नाममा शेयर रहेको भए शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ।
७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने व्यक्ति कम्पनी वा सङ्गठित संस्था भएमा त्यस्तो नियुक्ति पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ।
८. सभामा मन्तव्य वा जिज्ञासा व्यक्त गर्न चाहनु हुने शेयरधनीले सभाका अध्यक्षले तोकेको समय भित्रमा बोलिसक्नुपर्नेछ।
९. वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दर्ता किताब मिति २०८२-०१-२८ गते आइतवार १ (एक) दिन बन्द हुनेछ। उक्त मितिभन्दा अगाडि नेपाल स्टक एक्सचेन्जमा कारोबार भई सो को ७ दिन भित्र यस कम्पनीको शेयर रजिस्ट्रार हिमालयन क्यापिटल ली. मा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा नाम कायम भएका शेयरधनीले मात्र यस सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ।
१०. निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले मिति २०८२-०१-२८ गतेका दिन प्रकाशन गर्नुहुनेछ। उक्त कार्यक्रम कम्पनीको वेवसाइट www.nwcl.com.np बाट हेर्न सकिनेछ।
११. वार्षिक साधारण सभा सम्बन्धी विषयमा कुनै जानकारी प्राप्त गर्न चाहनुहुने शेयरधनीलाई कम्पनीको रजिस्टर्ड कार्यालय रहेको ठेगाना गैरीगाउँ, सिनामङ्गल काठमाडौँमा वा फोन नम्बर ९८२५०३०१०१ मा सम्पर्क गर्न सक्नुहुनेछ।



## नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१/१२/२३ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय अनुसार तथा मिति २०८२/०१/०८ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साविक कम्पनी **यशस्बीका इन्टरनेशनल प्रा.लि. (Yashaswika International Pvt. Ltd.)** (प्रा.लि.नं. १००४७५/५१/५२) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन कर दायित्व आदी परिवर्तित नाम **यशस्वीका ईन्टरनेशनल प्रा.लि. (Yeshaswika International Pvt. Ltd.)** कम्पनीले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।



**सबैला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सबैला, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०१/१२**

यस कार्यालयबाट मिति २०८१/१२/१८ गते दैनिक पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्नआएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउपत्रहरु अधिक्तम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०८२/०१/१० गतेको निर्णयानुसार स्वीकृतीको लागी छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र सं. | आय ठेक्का नं | विवरण | कबोल रकम (मु. अ. कर सहित) | सारभुत रुपमा प्रभावग्राही व्यक्तिको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | ५/०८१/०८२ | सबैला गुदरी बजार मात्र (सबैला) | रु ९०७०००।- नौ लाख सात हजार मात्र। | श्री राम उदेश साह सोनार, सबैला न. पा. वडा नं. ३ |
| २. | ४/०८१/०८२ | किरतपुर गुदरी बजार (किरतपुर) | रु ४६००० ।- छयालिश हजार मात्र। | श्री राजु साह, सबैला न. पा. वडा नं. १ |

प्रमुख प्रशासकीय अधिकृत



Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Federal water Supply and Sewerage Management Project**
Hetauda, Makawanpur

## Invitation for Bids (IFB)

**First date of publication:-25/04/2025(BS-12/01/2082)**

Federal Water Supply and Sewerage management Project Hetauda, Makawanpur invites only electronics bids (www.bolpatra.gov.np/egp) for the following works under National competitive Biddings.Intrested Companies should submit only online bids through e-procurement portal **http://www.bolpatra.gov.np/egp only on or before 25/05/2025 (BS-11/02/2082) 12:00.**

| S. N | Contract NO. | Description of works | Cost Estimate (with VAT and PS)NRs | Bidding Price NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | NCB/W/24/81-82/FWSSMP/MAK | Construction of Nagarjun Municipality Water Management Project, Nagarjun-04, Kathmandu | 1,15,13,958.84 | 3000 | 2,70,000.00 |
| 2 | NCB/G/3/81-82/FWSSMP/MAK | Supply and Delivery of PE-100 HDPE Pipe of Thaha Municipality | 24,16,323.15 | 3000 | 60,000.00 |

- **The detail notice can be assessed from** www.bolpatra.gov.np/egp

**Project Chief**



गण्डकी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
**जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मिति: २०८२।०१।१२)

यस डिभिजन कार्यालय अन्तर्गत मिति २०८१।१२।०४ गते प्रकाशित सूचना अनुसार सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी निर्माण कार्यका लागि रितपूर्वक दर्ता भई मिति २०८२।०१।०३ गते खोलिएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि. नं. | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र पि.एस. समेत) रु. |
|---|---|---|---|
| 1. | WRIDDO/TBIP/ Works/ NCB-09/081-82 | M/s Riddhi Siddhi Construction, Ramgram-8, Nawalparasi (Ba.Su.Pa.) | 38,25,812.74 |
| 2. | WRIDDO/KKRTW/ Works/NCB-10/081-82 | M/s Himal Nirman Sewa and Suppliers, Madhyabindu-7, Amrasa, Nawalparasi (Ba.Su.Pu.) | 33,73,200.45 |
| 3. | WRIDDO/LKRTW/ Works/NCB-11/081-82 | M/s Ghimire Nirman Sewa, Kawasoti-14, Nawalparasi (Ba.Su.Pu.) | 24,77,354.22 |
| 4. | WRIDDO/BKRTW/ Works/NCB-12/081-82 | M/s Nirman Construction, Devchuli-13, Nawalparasi (Ba. Su.Pu.) | 34,16,739.66 |

डिभिजन प्रमुख



**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, स्याङ्गजा**

## प्राविधिक प्रस्तावमा छनौट भएका बोलपत्रहरुको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८२/०१/१२)**

यस कार्यालयबाट तपसिल बमोजिमको कार्यका लागि आव्हान गरिएको बोलपत्र सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावमा योग्य रहेका तपसिल बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सो समयमा उपस्थितिको लागि जानकारी गराइन्छ।

तपसिल :

| सि.नं. | कामको विवरण | प्राविधिक मूल्यांकनमा छनौट भएका बोलपत्रदाताहरु | कैफियत |
|---|---|---|---|
| 1. | Waling BP Chowk Hudai Kafaldanda Rogdithati Chapakot samma Sadak Staronnati, Waling, Chapakot ; (Contract ID:- IDOSYANGJA/NCB/W/R/96/081/82 | M/S Darshan Construction Pvt. Ltd., Syangja<br>M/S B.P. Construction, Syangja<br>M/S SS-SRS-Gurung JV, Syangja | |
| 2. | Kinare Bhanjyang Disingkot Lamdi Dovan Hudai Darsing Sadak Staronnati, Chapakot 3; Contract ID:- IDOSYANGJA/NCB/W/R/95/081/82 | M/S Darshan Construction Pvt.Ltd., Syangja<br>M/S B.P. Construction, Syangja<br>M/S B and B Construction, Kathmandu<br>M/S Mountain Kanchhaman JV, Kathmandu | |
| 3. | Malebagar Nwarbhanjyang Arjunchaupari Rapakot Sirubari Darau Motorbato Staronnati, Putalibazar Arjunchaupari Aandhikhola; (Contract ID :- IDOSYANGJA/NCB/W/R/97/081/82 | M/S Shree Creative Engineering & Construction Pvt. Ltd., Syangja<br>M/S Rangkhola Siddhababa/Saurya Kiran JV, Syangja<br>M/S D.S. - Hans JV, Syangja<br>M/S B.P. Construction, Syangja<br>M/S Koirala Nirman Sewa, Syangja | |

आर्थिक प्रस्ताव खोल्ने: मिति: २०८२/०१/१९, समय: १३:०० बजे, स्थान : पूर्वाधार विकास कार्यालय, स्याङ्गजा

**कार्यालय प्रमुख**


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित